# प्रसौनी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## प्रसौनी,बारा

### औषधी खरिद सम्बन्धी दरभाउपत्र आहानको सूचना

### ठेक्का नं. १५

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७७|०३|०३ गते)**

यस गाउँपालिकाको लागि निःशूल्क वितरण गर्ने औषधीहरुको आवश्यकता भएको हुँदा इच्छुक फर्म, संस्था, कम्पनी वा निर्माता कम्पनीका अधिकृत बिक्रेताहरुबाट तपसील बमोजिमका शर्तहरुको अधिनमा रही के कती दरमा उक्त औषधी उपलब्ध गराउन सकिन्छ, यस सूचनामा उल्लेख भएको मिति भित्र रित पूर्वकको शिलबन्दी दरभाउपत्र यस गा.पा. को कार्यालयमा पेश गर्न हुन आहान गरिन्छ ।

<u>तपसील</u>

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. १,०००|- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. इच्छुक फर्म, संस्था वा कम्पनीले दरभाउपत्रमा खरिद गर्न फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, औषधी व्यवसायी प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थाई लेखा दर्ता प्रमाणपत्र तथा आन्तरिक राजश्व विभाग वा कार्यालयबाट आ.व. ०७५|०७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु निवेदन साथ पेश गर्नुपर्ने छ ।

३. दरभाउपत्र आहानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन ( २०७७|०३|१८ गते ) दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । साथै दरभाउपत्र खरिद गर्न र दाखिला गर्न अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट खरिद र दाखिला गर्न अन्तिम दिन मानिनेछ ।

४. शिलबन्दी दरभाउपत्र फारम दर्ता भएको दिनको २ बजे भित्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । निजिहरु उपस्थिति नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र दाखिला गर्दा रु. १४,५०,०००|- को औषधी खरिद कार्यकालागि दरभाउपत्रको जमानत वापतको रकम रु. ७२,५००|- ( अक्षरेपी रु. बहतर हजार पाँच सय मात्र ) बराबरको यस कार्यालयको नाउँमा हिमालयन बैंक लिमिटेड प्रसौनी स्थित धरौटी खाता नं. ०५३०७६८२१४००१३ ग ३ धरौटी खाता प्रसौनीमा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्न अन्तिम दिन देखि कम्तिमा ७५ दिन म्याद भएको जमानी पत्र ( विड बण्ड ) पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर वा विड बण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्य दिईनेछ ।

६. दरभाउपत्र दाखिला गर्दा फर्म, संस्था वा कम्पनीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (२) अनुसार फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, औषधी व्यवसायी प्रमाणपत्र, मुल अभिबृदि कर दर्ता प्रमाण पत्र र स्थाई लेखा दर्ता प्रमाण पत्र आन्तरिक राजश्व विभाग वा कार्यालयबाट आ.व. ०७५|०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु तथा खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा औषधी व्यवसाय सम्बन्धी पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र दरभाउपत्र सम्बन्धित कागजात संग सिलबन्दी गरी पेश गर्नुपर्ने छ । उल्लेखित कागजातहरु पेश नगर्ने दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्ने छ ।

८. यस कार्यालयमा आपुर्ति गर्न औषधी ढुवानी खर्च तथा सम्पूर्ण कुराहरु दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

९. औषधीहरुको Expiry Date को हकमा कार्यालयमा बुझाएको मिति देखि कम्तिमा १८ महिना भन्दा बढी हुनुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत